# सर्वोच्च अदालत




# सङ्गठित अपराध निवारण ऐन अन्तर्गतका कसूरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन

(सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७५।११।८।४ मा स्वीकृत भएको)

**२०७५**

# सङ्गठित अपराध निवारण ऐन अन्तर्गतका कसूरमा सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शनको आवश्यकता

सङ्गठित अपराध निवारण ऐन, २०७० ले सङ्गठित अपराधका अतिरिक्त कतिपय गम्भीर कसूरजन्य कार्य तथा सङ्गठित अपराधको अनुसन्धान तथा कारवाहीमा बाधा विरोध गर्ने वा पीडित र साक्षीको गोपनीयता भङ्ग गर्ने कसूरजन्य कार्यलाई अपराधीकरण गरी सजायको व्यवस्था गरेको छ।

ऐनको परिच्छेद-२ मा सङ्गठित अपराध सम्बन्धी व्यवस्था रहेको छ। दफा ३ को उपदफा (२) ले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहकोतर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूह भई जानी जानी कुनै गम्भीर अपराध गरेमा, उपदफा (४) ले अपराधिक समूहलाई सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सहयोग पुर्याउन कुनै काम जानी जानी गरी वा नगरी अपराधिक समूहको काम कारवाहीमा सहभागी हुने वा सघाउ पुर्याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गरेमा तथा दफा ४ ले सङ्गठित अपराधको तयारी गरेमा, षडयन्त्र गरेमा, उद्योग गरेमा वा दुरुत्साहन दिएमा वा मतियार भएमा सङ्गठित अपराधको कसूर हुने व्यवस्था गरेको छ। दफा ३ को प्रयोजनका लागि ३ वर्षभन्दा बढी कैद सजाय हुने कसूर, ऐनको परिच्छेद-३ मा उल्लिखित कसूर र भ्रष्टाचार वा सम्पत्ति शुद्धिकरण वा आतङ्ककारी कृयाकलापमा वित्तिय लगानी मानिने कसूरलाई सोही दफाको उपदफा (३) ले गम्भीर अपराध मानेको छ।

सङ्गठित अपराधमा हुने सजायको हकमा ऐनको दफा ९ को खण्ड (क) ले उक्त दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) तथा उपदफा (४) बमोजिमको कसूर गर्ने कसूरदारलाई प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप ५० प्रतिशत सजाय हुने व्यवस्था गरेको छ। ऐनको दफा ९ को खण्ड (ख) ले दफा ३ को उपदफा (४) बमोजिमको कसूर गर्ने कसूरदारलाई प्रचलित कानूनमा सजायको व्यवस्था भएको रहेनछ भने ५ वर्षसम्म कैद वा रु. ५ लाखसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ। तर दफा ४ मा उल्लिखित सङ्गठित अपराधको तयारी गर्ने, षडयन्त्र गर्ने, उद्योग गर्ने वा दुरुत्साहन दिने वा मतियार हुने सम्बन्धी कसूरको हकमा ऐनमा सजायको छुट्टै व्यवस्था भएको पाइँदैन।

ऐनको परिच्छेद-३ मा प्रचलित कानूनले अपराधिकरण नगरेका कतिपय कसूरजन्य कार्यहरुलाई गम्भीर अपराधको रुपमा अपराधीकरण गरी सजायको व्यवस्था समेत गरेको छ। परिच्छेद-३ अन्तर्गत अपराधीकरण गरिएका कसूरजन्य कार्यमा हुने सजायको सम्बन्धमा दफा ९ को खण्ड (ग) (घ) (ङ) र (च) मा व्यवस्था रहेको छ।

साथै, दफा ३६, ४४, ५० र ५३ ले सङ्गठित अपराधको अनुसन्धान, कारवाही र प्रमाण परीक्षणमा बाधा विरोध गर्ने तथा पीडित वा साक्षीको परिचयात्मक विवरण प्रकट गर्ने वा सार्वजनिक गर्ने कार्यलाई समेत अपराधिकरण गरी सजायको व्यवस्था गरेको छ।

३ वर्षभन्दा बढी कैद सजाय हुने कसूर, भ्रष्टाचार तथा सम्पत्ति शुद्धिकरण वा आतङ्ककारी कृयाकलापमा वित्तिय लगानी सम्बन्धी कसूर सङ्गठित रुपले गर्ने कसूरदारलाई सङ्गठित अपराध गरेबापत हुने थप सजाय निर्धारण सम्बन्धी व्यवस्था कसूर सम्बन्धी तत् तत् सामान्य मार्गदर्शनमा नै व्यवस्था गरिएको हुँदा त्यस्ता कसूरहरुलाई यस सामान्य मार्गदर्शनमा समावेश गरिएको छैन। दफा ८ मा उल्लिखित आपराधिक लाभ लिने (एक्सटर्सन) सम्बन्धी कसूर अपराध संहिताको दफा २५३ मा पनि अपराधीकरण भएको र सो कसूरका सम्बन्धमा छुट्टै सामान्य मार्गदर्शन बनाइएको हुँदा सो कसूरलाई समेत यस सामान्य मार्गदर्शनमा समावेश गरिएको छैन। जन्मकैदको निश्चित सजाय हुने दफा ७ मा उल्लिखित कसूरका हकमा सजाय निर्धारण सम्बन्धी छुट्टै सुनुवाई गर्नु नपर्ने भएकोले सो कसूरका सम्बन्धमा समेत मार्गदर्शन बनाइएको छैन्।

प्रचलित कानून बमोजिम सजायको व्यवस्था नभएका दफा ३ को उपदफा (४) मा उल्लिखित कसूर र दफा ५, ६ र ७ मा उल्लिखित कसूर गर्ने कसूरदारलाई न्यायिक स्वविवेकमा सजाय निर्धारण गर्नु पर्ने गरी सजायको माथिल्लो हदमात्र तथा माथिल्लो र तल्लो हदको व्यवस्था गरिएको छ।

साथै, सोही ऐन अन्तर्गतका कसूर गर्ने कसूरदारलाई अपराध संहिता एवम् प्रचलित कानून बमोजिम थप सजाय हुने व्यवस्था समेत रहेको छ।

सजाय निर्धारण सम्बन्धी छुट्टै सामान्य मार्गदर्शनमा समावेश गरिएका कसूर, ऐनको परिच्छेद-३ मा उल्लिखित जन्मकैदको निश्चित सजाय हुने कसूर तथा ३ वर्षसम्म कैद तथा रु.३० हजारसम्म जरिबाना हुने कसूर बाहेकका तथा प्रचलित कानून बमोजिम सजायको व्यवस्था नभएका दफा ३ को उपदफा (४) मा उल्लिखित कसूर र दफा ४, ५, ६, ७, ३६, ४४, ५० र ५३ मा उल्लिखित कसूर तथा सङ्गठित अपराध तथा ऐन अन्तर्गतका अन्य कसूरको दुरुत्साहन, षडयन्त्र, उद्योग वा मतियार हुने कसूर गर्ने कसूरदारलाई सम्बद्ध कानूनका व्यवस्थाहरुलाई समग्रतामा विचार गरी न्यायिक स्वविवेकमा उपयुक्त सजाय निर्धारण गर्न मार्गदर्शनको लागि सर्वोच्च अदालतले यो **सङ्गठित अपराध निवारण ऐन अन्तर्गतका कसूरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन** बनाएको छ।

## सामान्य मार्गदर्शनको प्रयोग

- यो सामान्य मार्गदर्शन सङ्गठित अपराध निवारण ऐन, २०७० को ३ को उपदफा (४) मा उल्लिखित कसूर र दफा ४, ५, ६, ७, ३६, ४४, ५० र ५३ मा उल्लिखित कसूरमा सजाय निर्धारण गर्दा मार्गदर्शकको रुपमा रहनेछ र त्यस्तो कसूरमा कसूरदार ठहर भएको प्रतिवादीलाई सजाय निर्धारण गर्ने प्रयोजनका लागि प्रयोग हुनेछ।
- यो सामान्य मार्गदर्शन १८ वर्ष वा सोभन्दा बढी उमेर भएको कसूरदारलाई सजाय निर्धारण गर्दा लागू हुनेछ र कुनै कसूरदार १८ वर्षभन्दा कम उमेरको भएमा त्यस्तो कसूरदारलाई सजाय निर्धारण गर्दा **कसूरदार बालबालिकाको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन** समेत लागू हुनेछ।
- ऐनले अधिकतम तथा अधिकतम र न्यूनतम सजायको व्यवस्था गरेको प्रत्येक कसूर सम्बन्धी मुद्दामा विद्यमान कसूरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाका आधारमा उपयुक्त सजाय निर्धारणको लागि कैद सजायको आधार विन्दु (Base point) निर्धारण गरिएको छ।
- सम्बन्धित दफामा भएको सजायको दायराको सामान्यतयाः मध्यविन्दुलाई कैद सजायको आधार विन्दु निर्धारण गरिएको छ।

  (उदाहरणको लागि ३ देखि १० वर्षसम्म कैदको सजायको व्यवस्था भएको कसूरमा सजाय निर्धारणको आधार विन्दु ६ वर्ष ६ महिना कायम गरिएको)
- ऐनमा भएको सजायको व्यवस्थाका आधारमा सजायको माथिल्लो र तल्लो दायराको सामान्यतयाः मध्यविन्दुलाई सजायको आधार विन्दु निर्धारण गरिएको छ।
- अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने अवस्था मुद्दामा विद्यमान भएमा सजायको आधार विन्दुबाट कसूरको वर्गमा उल्लिखित अधिकतम् सजायको हदमा नबढ्ने गरी बढाउन सकिने गरी तथा अपराध संहिताको दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने अवस्था मुद्दामा विद्यमान भएमा सजायको आधार विन्दुबाट ऐनमा उल्लिखित न्यूनतम सजायको हदमा नघट्ने गरी सजायको मात्रा घटाउन सकिने गरी सजाय निर्धारण गर्ने विधि तय गरिएको छ।
- यस सामान्य मार्गदर्शनमा सजाय निर्धारण गर्ने प्रयोजनको लागि सम्बद्ध कानूनहरुमा रहेका सम्बन्धित व्यवस्थाहरुलाई समग्रमा मध्यनजर गरी सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (४) मा उल्लिखित कसूर र दफा ५, ६, ७, ३६, ४४, ५० र ५३ मा उल्लिखित कसूरमा अपराध संहिता र प्रचलित कानून बमोजिम हुन सक्ने थप सजायलाई समेत समावेश गरिएको छ।
- सजाय निर्धारणलाई सहज, वस्तुपरक र एकरुपतापूर्ण बनाउन सजाय निर्धारण सम्बन्धी १५ वटा चरणहरु निर्धारण गरिएको छ। यस सामान्य मार्गदर्शनको भाग- १ मा सजाय निर्धारण सम्बन्धी सबै १५ वटै चरणहरुमा गर्नु पर्ने कार्य र सोको आधारहरु उल्लेख गरिएको छ। तर अन्य भागहरुमा भने सबै चरणमा गर्नु पर्ने कार्यहरुको पुनर्लेखन नगरी सम्बन्धित कसूरमा आकर्षित हुने चरणहरु भाग -१ मा उल्लेख भए बमोजिम गर्ने गरी उल्लेख गरिएको छ। भाग-१ मा उल्लेख गरेको भन्दा पृथक व्यवस्था गर्नु परेकोमा भने सम्बन्धित भागमा छुट्टै व्यवस्था गरिएको छ।
- यस सामान्य मार्गदर्शनमा सजाय निर्धारणको क्रममा गर्नु पर्ने कार्यहरुलाई १५ वटा चरणको तर्कसङ्गत क्रम तय गरिएको भए तापनि कसूरको प्रकृतिका आधारमा यसै मार्गदर्शनमा तय गरिएको क्रमलाई आवश्यकता अनुसार परिवर्तन गरी प्रयोग गर्न सकिनेछ।
- पीडित संरक्षण ऐनको दफा ११ मा सजाय निर्धारण गर्नु अघि पीडित उपस्थित भई धारणा व्यक्त गर्न चाहेमा पीडितलाई मनासिब समय प्रदान गर्नु पर्ने तथा दफा २५ मा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने व्यवस्था भएको सन्दर्भमा पीडितले कुनै धारणा व्यक्त गरेको भए वा पीडित प्रभाव प्रतिवेदन पेश भएको भए त्यस्तो धारणा वा प्रतिवेदनलाई मार्गदर्शनको छैठौं, सातौं र बाह्रौं चरणमा विचार गर्नु पर्नेछ।
- कुनै कसूरदारलाई सजाय निर्धारण गर्नु अघि सजायपूर्वको प्रतिवेदन माग गर्ने आदेश भएकोमा सजाय निर्धारण ऐनको दफा १२, सजाय निर्धारण नियमावलीको नियम ४ तथा वालवालिका सम्बन्धी कानून समेतका आधारमा सरकारी

वकिल वा कसूरदारको कानून व्यवसायीले सजायपूर्वको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ । त्यसरी पेश भएको प्रतिवेदनका सम्बन्धमा सरकारी वकिल वा कसूरदारको कानून व्यवसायी वा कसूरदार वा कसूरदार वालवालिकाको हकमा निजको संरक्षकले लिखित राय पेश गरेमा त्यस्तो प्रतिवेदन तथा लिखित रायलाई अवस्था अनुसार यसै सामान्य मार्गदर्शनको तेस्रो, चौथो, छैठौं, सातौं, आठौं, बाहौं, तेहौं र चौधौं चरणमा विचार गर्न सकिनेछ।

- कसूरको गम्भीरता बढाउने तथा घटाउने सबै अवस्थाहरु सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (४) मा उल्लिखित कसूर र दफा ५, ६, ७, ३६, ४४, ५० र ५३ मा उल्लिखित प्रत्येक कसूरमा समान रुपमा सान्दर्भीक नहुने हुँदा सम्बन्धित कसूरको प्रकृतिलाई मध्यनजर गरी कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने सान्दर्भीक अवस्थाहरुमात्र मार्गदर्शनको त्यस्तो कसूरसँग सम्बन्धित भागमा उल्लेख गरिएको छ।
- सङ्गठित अपराध निवारण ऐन, २०७० मा उल्लिखित कसूरसँग सम्बन्धित देहायका कसूर तथा ती कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण सम्बन्धमा देहाय बमोजिम गरिएको छः-

| | |
|---|---|
| **आपराधिक षडयन्त्र** | सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ७ मा उल्लिखित कसूर बाहेक अन्य कसूरको आपराधिक षडयन्त्र गर्ने कार्यको अपराधिकरण तथा सजाय सम्बन्धी छुट्टै व्यवस्था नभई अपराध संहिताको दफा ३३ बमोजिमको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने हुँदा त्यस्तो कसूरको कसूरदारलाई यसै सामान्य मार्गदर्शनको भाग -६ बमोजिम सजाय निर्धारण गर्नु पर्ने। |
| **उद्योग** | सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ७ मा उल्लिखित कसूर बाहेक अन्य कसूरको उद्योग गर्ने कार्यको अपराधिकरण तथा सजाय सम्बन्धी छुट्टै व्यवस्था नभई अपराध संहिताको दफा ३४ बमोजिमको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने हुँदा त्यस्तो कसूरको कसूरदारलाई यसै सामान्य मार्गदर्शनको भाग -६ बमोजिम सजाय निर्धारण गर्नु पर्ने। |
| **दुरुत्साहन** | सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ७ मा उल्लिखित कसूर बाहेक अन्य कसूरको दुरुत्साहन दिने कार्यको अपराधिकरण तथा सजाय सम्बन्धी छुट्टै व्यवस्था नभएकोले अपराध संहिताको दफा ३५ बमोजिमको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने हुँदा त्यस्तो कसूरको कसूरदारलाई यसै सामान्य मार्गदर्शनको भाग -६ बमोजिम सजाय निर्धारण गर्नु पर्ने। |
| **मतियार** | सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ७ मा उल्लिखित कसूर बाहेक अन्य कसूरको मतियार हुने कार्यको अपराधिकरण तथा सजाय सम्बन्धी छुट्टै व्यवस्था नभएकोले दफा ३६ बमोजिमको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने हुँदा त्यस्तो कसूरको कसूरदारलाई यसै सामान्य मार्गदर्शनको भाग -६ बमोजिम सजाय निर्धारण गर्नु पर्ने। |

- यो सामान्य मार्गदर्शन अधिकतम तथा अधिकतम र न्यूनतम सजायको व्यवस्था भएको सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (४) मा उल्लिखित कसूर र दफा ५, ६, ७, ३६, ४४, ५० र ५३ मा उल्लिखित कसूर गर्ने कसूरदारलाई उपयुक्त सजाय निर्धारण गर्ने प्रयोजनका लागि जारी गरिएको भए तापनि यस मार्गदर्शनका विभिन्न चरणहरु जन्मकैदको सजाय हुने तथा ३ वर्षसम्म कैद तथा रु.३० हजारसम्म जरिबाना हुने कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्नको लागि समेत मार्गदर्शक रहनेछन्।
- मुद्दाको तथ्य, कसूरदार एवम् पीडितको अवस्था र परिस्थितिलाई मध्यनजर गर्दा यस सामान्य मार्गदर्शनको कुनै चरण अवलम्वन गर्न नसकिने वा न्यायको रोहमा उपयुक्त नहुने देखेमा फैसलामा सोको कारण खुलाई यस मार्गदर्शनको कुनै चरण अवलम्वन नगरी सजाय निर्धारण गर्न बाधा पर्ने छैन।

# संक्षिप्त शब्द सूची

| | |
|---|---|
| अपराध संहिता- | मुलुकी अपराध (संहिता) ऐन, २०७४ |
| ऐन- | सङ्गठित अपराध निवारण ऐन, २०७० |
| पीडित संरक्षण ऐन- | अपराध पीडित संरक्षण ऐन, २०७५ |
| फौजदारी कार्यविधि नियमावली- | मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ |
| फौजदारी कार्यविधि संहिता- | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ |
| सजाय निर्धारण ऐन- | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ |
| सजाय निर्धारण नियमावली- | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ |

# परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सामान्य मार्गदर्शनमा,-

(क) "कसूरदार" भन्नाले सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (४) मा उल्लिखित कसूर र दफा ४, ५, ६, ७, ३६, ४४, ५० र ५३ मा उल्लिखित कसूरमा कसूरदार ठहर भएको प्रतिवादी सम्झनु पर्छ।

(ख) "कैद सजायको आधार विन्दु" भन्नाले सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (४) मा उल्लिखित कसूर र दफा ५, ६, ७, ३६, ४४, ५० र ५३ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा कसूरदारलाई सजाय निर्धारण गर्ने प्रयोजनका लागि कसूरको गम्भीरता बढाउने अवस्था विद्यमान भएमा कैद सजायको अवधी बढाउने र कसूरको गम्भीरता घटाउने अवस्था विद्यमान भएमा कैद सजायको अवधी घटाउने प्रयोजनका लागि कसूरदारलाई हुन सक्ने सजायको दायराका आधारमा तय गरिएको कैद सजायको सुरुवाती बिन्दु (Starting point) सम्झनु पर्छ।

(ग) "कैद सजायको दायरा" भन्नाले ऐनको सम्बन्धित दफामा व्यवस्था भएको माथिल्लो र तल्लो सजायको फासला सम्झनु पर्छ।

# विषय सूची


| भाग | कसूर | पृष्ठ |
|---|---|---|
| भाग-१ | सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सहयोग पुर्याउन जानी जानी कुनै काम गरी वा नगरी सङ्गठित समूहको काम कारवाहीमा सहभागी हुने वा सघाउ पुर्याउने वा सञ्चार साधन वा सूचना प्रविधि, आर्थिक सहयोग वा साधन उपलब्ध गराउने वा सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने वा लुकाउने वा भगाउने कार्य गर्ने वा गराउने सम्बन्धी कसूर | ९ |
| भाग-२ | आपराधिक समूह स्थापना गर्ने, सञ्चालन गर्ने वा गराउने वा जानी जानी आपराधिक समूहको सदस्य हुने वा कसैलाई सदस्य बनाउने सम्बन्धी कसूर | १७ |
| भाग-३ | विध्वशांत्मक कार्य सम्बन्धी कसूरको उद्योग गर्ने वा दुरुत्साहन दिने वा सो कसूर गर्न बाध्य गराउने वा सो गर्न वा गराउन एकभन्दा बढी व्यक्ति जम्मा गर्ने वा समूह खडा गर्ने वा खटन पटन गर्ने वा हातहतियार वा बम विष्फोटक वा विषालु पदार्थ उत्पादन वा वितरण गर्ने वा राख्ने वा ओसारपासर वा आयात निर्यात गर्ने वा लिनु दिनु गर्ने वा प्रचार प्रसार गर्ने वा गराउने सम्बन्धी कसूर | १९ |
| भाग-४ | राष्ट्रसेवकले कसूरको अनुसन्धान वा पूर्पक्षको सिलसिलामा अदालत वा आफूभन्दा माथिको अधिकारीको आदेशको पालना नगरेको सम्बन्धी कसूर। | २२ |
| भाग-५ | सुराकी, उजूरकर्ता वा साक्षीको विववरण वा अभिलेख सार्वजनिक गर्ने सम्बन्धी कसूर। | २४ |
| भाग-६ | सङ्गठित अपराध निवारण ऐनको ३ को उपदफा (४) मा उल्लिखित कसूर र दफा ४, ५, ६, ७, ३६, ४४, ५० र ५३ मा उल्लिखित कसूरको आपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन तथा मतियार सम्बन्धी कसूर। | २६ |

**भाग-१**

**कसूरः** सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सहयोग पुर्याउन जानी जानी कुनै काम गरी वा नगरी सङ्गठित समूहको काम कारवाहीमा सहभागी हुने वा सघाउ पुर्याउने वा सञ्चार साधन वा सूचना प्रविधि, आर्थिक सहयोग वा साधन उपलब्ध गराउने वा सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने वा लुकाउने वा भगाउने कार्य गर्ने वा गराउने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** सङ्गठित अपराध निवारण ऐन, २०७०।

| दफा/उपदफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ३ (४)<br>▪ ९ (ख) | सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सहयोग पुर्याउन जानी जानी कुनै काम गरी वा नगरी सङ्गठित समूहको काम कारवाहीमा सहभागी हुने वा सघाउ पुर्याउने वा सञ्चार साधन वा सूचना प्रविधि, आर्थिक सहयोग वा साधन उपलब्ध गराउने वा सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने वा लुकाउने वा भगाउने कार्य गर्ने वा गराउने सम्बन्धी कसूर। | ▪ प्रचलित कानूनमा सजायको व्यवस्था भए सोको ५० प्रतिशत थप सजाय, र<br>▪ सजायको व्यवस्था नभएको भए ५ वर्षसम्म कैद वा रु. ५ लाखसम्म जरिबाना वा दुवै सजाय |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद र जरिवानाको माथिल्लो हदको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सहयोग पुर्याउन जानी जानी कुनै काम गरी वा नगरी सङ्गठित समूहको काम कारवाहीमा सहभागी हुने वा सघाउ पुर्याउने वा सञ्चार साधन वा सूचना प्रविधि, आर्थिक सहयोग वा साधन उपलब्ध गराउने वा सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने वा लुकाउने वा भगाउने कार्य गर्ने वा गराउने सम्बन्धी कसूर। | २ वर्ष ६ महिना कैद | ५ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिम देहायका कुनै वा सबै उद्देश्य विचार गर्ने।

| सजायका उद्देश्य |
|---|
| ▪ कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने,<br>▪ समाज वा समुदायलाई सुरक्षा गर्ने,<br>▪ पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने,<br>▪ कसूरदारलाई समाजमा पुनस्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने,<br>▪ कसूरदारलाई समाजबाट अलग राख्ने,<br>▪ कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने, |

- कानूनद्वारा निषेधित आचरणको निन्दा गर्ने।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा देहायका सिद्वान्तहरुको अवलम्वन गर्ने।

| **सजाय निर्धारण गर्ने आधार** |
|---|
| सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२),<br>▪ दुई वा सोभन्दा बढी कामबाट कुनै कसूर हुने रहेछ र त्यस्ता काम मध्ये कुनै एक काम छुट्टै कसुर हुने रहेछ भने सबैभन्दा बढी सजाय हुने कसूरमा मात्र सजाय गर्ने।<br>सजाय निर्धारण ऐनको दफा १४,<br>▪ कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी नगर्ने,<br>▪ सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय नगर्ने,<br>▪ उस्तै परिस्थितिमा घटेको कसूरको अर्को कसूरदारलाई पहिले दिइएको सजायसग अमिल्दो वा असमान सजाय हुन नहुने गरी सजाय निर्धारण गर्ने।<br>▪ एकभन्दा बढी कसूरको लागि सजाय गर्दा वा कुनै कसूरमा सजाय भोगी रहेको कसूरदारलाई अर्को कसूर बापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिकभन्दा बढी हुन नहुने गरी सजाय निर्धारण गर्ने।<br>▪ कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने।<br>सजाय निर्धारण ऐनको दफा १५ बमोजिम देहायका कुरालाई आधार लिनेः-<br>▪ कसुरको गम्भीरता र कसूरदारको दोषको मात्रा,<br>▪ कसूर गर्दाको परिस्थिति,<br>▪ कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरु,<br>▪ कसूरदारको आचरण र विगतको कृयाकलाप,<br>▪ जघन्य वा गम्भीर प्रकृतिका कसूर गर्ने कसूरदारलाई कैद सजाय,<br>▪ पटके कसूरदारलाई पछिल्लो कसूर बापत हुने सजायको दोब्बर थप सजाय,<br>▪ समाज वा समुदायलाई खतरा हुने कसूरदारलाई कैद सजाय,<br>▪ कुनै सरकारी कार्यालय वा सार्वजनिक वा सङ्गठित संस्थाको पद वा ओहदामा बहाल रही त्यस्तो पद वा ओहोदाको दुरुपयोग गरी कसूर गर्ने कसूरदारलाई त्यस्तो कसूरमा हुने सजायको डेढी सजाय। |

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने।

| **कसूरको गम्भीरता बढाउने अवस्था** | **कसूरको गम्भीरता घटाउने अवस्था** |
|---|---|
| ▪ सरकार प्रमुख वा विदेशी राज्य प्रमुखको बिरुद्ध कसूर गरेको,<br>▪ राष्ट्रपति वा सरकार प्रमुख वा विदेशी राज्य प्रमुखको उपस्थितिमा कसूर गरेको,<br>▪ विश्वासको दुरुपयोग गरी कसूर गरेको,<br>▪ कुनै सार्वजनिक पदको लाभ उठाई वा दुरुपयोग गरी कसूर गरेको, | ▪ कसूरदारको उमेर अठार वर्षभन्दा कम वा पचहत्तर वर्षभन्दा माथि भएको,<br>▪ कसूरदारको कसूर गर्ने नियत नभएको,<br>▪ जुन व्यक्तिको बिरुद्ध कसूर भएको छ त्यस्तो व्यक्तिले |

| | |
|---|---|
| ▪ सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदीय कर्तव्य पालन गर्न लागेकोमा बाधा पुर्याउने वा निजलाई कुनै गैरकानूनी काम गर्न लगाउने नियतले कसूर गरेको,<br>▪ कुनै सरकारी कार्यालय, सार्वजनिक कार्यालय वा धार्मिक स्थलमा कसूर गरेको,<br>▪ ५ वा ५ भन्दा बढी व्यक्तिहरु समूहमा आवद्ध भई कसुर गरेको,<br>▪ सार्वजनिक शान्ति खलबलिएको, बाढी, पहिरो, भूकम्प वा त्यस्तै प्रकृतिको दैवी प्रकोप भएको महामारी फैलिएको, अनिकाल परेको वा त्यस्तै किसिमको अन्य कुनै सङ्कटको लाभ लिई कसूर गरेको,<br>▪ हातहतियार वा विषालु वा विष्फोटक पदार्थ साथमा लिई वा प्रयोग गरी वा विद्युत प्रवाह गरी वा विद्युतीय उपकरण प्रयोग गरी कसूर गरेको वा हातहतियार वा विषालु वा विष्फोटक पदार्थ लिएको मानिसको मद्दतबाट कसूर गरेको,<br>▪ एक पटक कैद सजाय पाएको कसूरदारले पुनः कसूर गरेको,<br>▪ कुनै पारितोषिक वा आश्वासन वा लाभको प्रलोभन पाउन कसूर गरेको,<br>▪ आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको व्यक्ति वा जिम्मामा रहेको सम्पत्तिको बिरुद्ध कसूर गरेको,<br>▪ कसैलाई क्रुर यातना, अमानवीय वा अपमानजन्य व्यवहार गरी कसूर गरेको,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको,<br>▪ एकै वारदातमा एकभन्दा बढी व्यक्तिका बिरुद्ध कसूर गरेको,<br>▪ कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई कसूर गरेको,<br>▪ थुना, हिरासत, कैद वा नियन्त्रणमा रहेको व्यक्ति बिरुद्ध कसूर गरेको,<br>▪ कुनै व्यक्तिको सुरक्षाको कर्तव्य भएका व्यक्तिले आफूले सुरक्षा गर्नु पर्ने व्यक्तिको बिरुद्ध कसूर गरेको,<br>▪ कुनै जात, जाति वा सम्प्रदायको अस्तित्व नै विनाश गर्ने जातिहत्या (जेनोसाइड) को उद्देश्यले कसूर गरेको,<br>▪ कुनै जात, जाति, धार्मिक वा साँस्कृतिक समुदाय बिरुद्ध घृणा उत्पन्न गर्ने उद्देश्यले कसूर गरेको,<br>▪ नियोजित वा सङ्गठित रुपमा कसूर गरेको,<br>▪ पचहत्तर वर्षमाथिको वृद्धावस्था वा शारीरिक वा मानसिक अस्वस्थताले गर्दा होस ठेगानमा नरहेको वा अपाङ्गताको कारणले आफ्नो बचाउ गर्न सक्ने स्थितिमा नभएको व्यक्ति वा बालबालिकाको विरुद्ध कसूर गरेको, | कसूरदारलाई कसूर हुनुभन्दा तत्कालअघि उत्तेजित गरेको वा धम्की दिएको,<br>▪ कसूरदार वा निजको कुनै नजिकको नातेदारका बिरुद्ध गरिएको कुनै गम्भीर कसूरको प्रतिकारको रुपमा तत्कालै कसूर भएको,<br>▪ कसूरदारले स्वेच्छाले कसूर स्वीकार गरेको वा त्यस्तो कसूर गरे बापत पश्चाताप गरेको,<br>▪ कसूरदारले सम्बन्धित अधिकारी समक्ष आत्मसर्मपण गरेको,<br>▪ कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी पीडितलाई क्षतिपूर्ति दिइसकेको वा दिन मञ्जुर गरेको,<br>▪ शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसूरदारको क्षमता ह्रास भएको,<br>▪ अदालतमा साँचो कुरा व्यक्त गरी न्यायिक प्रकृयामा सहयोग पुर्याएको,<br>▪ पीडित पक्ष र समाजलाई हुन गएको हानि, नोक्सानीको मात्रा उल्लेखनीय नदेखिएको,<br>▪ कसूर स्वीकार गरी भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिवद्धता व्यक्त गरेको,<br>▪ कसैको बहकाउ वा दवावमा अपराध गरेको, वा<br>▪ कसूरदारको उमेर, लैङ्गिक |

| | |
|---|---|
| ▪ सवारी साधन, विमान दुर्घटना वा प्राकृतिक प्रकोप पर्दा उद्धार गर्ने काममा खटिँदा कसूर गरेको,<br>▪ एकपटक कुनै कसूरबाट पीडित भैसकेको व्यक्तिका बिरुद्ध सोही कसूरदारले अर्को कसूर गरेको, वा<br>▪ कसूरदारको उमेर, लैङ्गिक स्थिति, व्यक्तिगत, सामाजिक साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु अघिको चालचलन लगायतका तर्कसङ्गत रुपमा देखिएका अन्य कुरा। | स्थिति, व्यक्तिगत, सामाजिक साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु अघिको चालचलन लगायतका तर्कसङ्गत रुपमा देखिएका अन्य कुरा। |

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने।

- कसूरदारलाई हुने जरिबाना यकिन गर्दा सजाय निर्धारण ऐनको दफा १८ बमोजिम देहायका आधारमा गर्ने।

| **जरिबाना निर्धारण गर्ने आधार** |
|---|
| ▪ कसूर र जरिबानाको अधिकतम र न्यूनतम हद विचार गरी निर्धारण गर्नु पर्ने,<br>▪ जरिबाना निर्धारण गर्दा देहायका कुराहरु समेतलाई विचार गर्नु पर्नेः–<br>▪ कसूरदारको आर्थिक हैसियत र आय आर्जन क्षमता,<br>▪ कसूरदारले गरेको कसूरको कारणबाट अरु व्यक्तिलाई हुन गएको आर्थिक हानी नोक्सानी,<br>▪ कसूरदारले गरेको कसूरको कारणबाट कसूरदार वा निजको परिवारले प्राप्त गरेको लाभ,<br>▪ जरिबानाबाट कसूरदारले पालन पोषण गर्नु पर्ने परिवारलाई पर्ने असर,<br>▪ पीडितलाई तिर्नु पर्ने क्षतिपूर्ति रकम,<br>▪ विगो खुलेकोमा विगोका आधारमा जरिबाना निर्धारण गर्नु पर्ने,<br>▪ कसूरदार सङ्गठित संस्था भएमा त्यस्तो संस्थाको आर्थिक हैसियत र कारोबार,<br>▪ दफा ४८ बमोजिमको पीडित राहत कोषमा रकम जम्मा गराउनु पर्ने भए त्यस्तो रकम। |

- मुद्दामा प्रतिवादीलाई जरिबाना यकीन गर्दा सजाय निर्धारण ऐनको दफा १९ बमोजिम पीडितलाई क्षतिपूर्ति तिर्न नसक्ने गरी जरिबानाको निर्धारण गर्न नहुने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई देहाय बमोजिम थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने।

| **थप सजाय हुन सक्ने अवस्था** |
|---|
| अपराध संहिताको,<br>▪ दफा ४३ बमोजिम एउटै वारदातमा एकभन्दा बढी कसूर गरेको वा भिन्न भिन्न वारदातमा भिन्न भिन्न कसूर गरेको अवस्था भएमा डेढी सजाय हुने।<br>▪ दफा ४४ बमोजिम कुनै कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको वा माफी पाएको ५ वर्ष अवधी पूरा नहुँदै अर्को जघन्य वा गम्भीर कसूर गरेमा पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुने।<br>▪ दफा १९७ को उपदफा (३) बमोजिम यो कसूर गर्न सजिलो पार्ने नियतले बेहोस पार्ने कार्य भएको र त्यस्तो कसूर भइसकेको रहेछ भने त्यस्तो कसूर बापत १ वर्षसम्म कैद र रु १० हजारसम्म जरिबाना सजाय थप हुने।<br>▪ दफा २१४ को उपदफा (२) बमोजिम कसैले अपहरण गरी वा शरीर बन्धक लिई वा अपहरण गरी शरीर बन्धक लिई यो कसूर गरेको रहेछ भने निजलाई यस कसूर बापतको सजायमा दफा २१४ को उपदफा (१) बमोजिमको सजाय थप हुने। |

- यस कसूर गर्ने कसूरदारलाई थप सजायको रुपमा निश्चित अवधिको कैद तथा निश्चित रकमको जरिबाना हुने भएमा सोही बमोजिम थप सजाय निर्धारण गर्नु पर्ने।
- यस कसूर गर्ने कसूरदारलाई हुन सक्ने थप सजाय न्यायिक स्वविवेकमा निर्धारण गर्नु पर्ने प्रकृतिको भएमा कसूरदारलाई थप सजाय गर्दा कसूरको गम्भीरता, कसूरदारको भूमिका र आपराधिक पृष्ठभूमि समेतका कुराहरुलाई समग्रतामा विचार गरी उपयुक्त थप सजाय निर्धारण गर्नु पर्ने।

**नवौं चरणः** **(सजायमा छुट दिने)**

- दफा २१ बमोजिम ऐन बमोजिम पहिलो पटक अपराध गरेको अभियुक्तले सङ्गठित अपराध स्वीकार गरी प्रमाण जुटाउन, अन्य अभियुक्त वा गिरोहलाई पक्राउ गर्न प्रहरी सरकारी वकिल वा अदालतलाई सहयोग पुर्याएमा माग दावीमा ७५ प्रतिशतसम्म सजायमा छुट दिने गरी मागदावी लिई मुद्दा दायर गर्न सकिने।
- सजायको माग दावीमा छुट दिने गरी अभियोग दायर भएमा फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।
- तर मुख्य अभियुक्त नभएको वा सङ्गठित अपराधको कसूरमा सजाय पाएकोमा कैद भुक्तान भएको ३ वर्ष पूरा नभएको र १ पटक सजाय छुटको सुविधा पाइसकेको अभियुक्तलाई सजायमा छुट हुन नसक्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- सङ्गठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण वस्तु वा साधान कसूरसँग सम्बन्धित जो सुकै व्यक्तिसँग रहेको भए पनि ऐनको दफा ५१ बमोजिम जफत हुने ।
- अपराध गरी प्राप्त गरेको सम्पत्ति कानूनी रुपमा प्राप्त सम्पत्तिमा मिसाइएको रहेछ भने मिश्रित सम्पत्तिबाट छुट्याउन सकिनेमा छुट्याएर र नसकिने भएमा त्यस्तो सम्पत्तिलाई रकममा रुपान्तरण गरी जफत गरिने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यो कसूर गरी सरकारी सार्वजनिक वा निजी सम्पत्तिको क्षति भएको रहेछ भने कसूर गर्ने वा गराउने व्यक्तिबाट ऐनको दफा १० बमोजिम क्षतिपूर्ति भराउनु पर्ने।
- सजाय निर्धारण ऐनको दफा ४१ बमोजिम कसूरदारबाट पीडित पक्ष वा निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्ने।
- सजाय निर्धारण ऐनको दफा ४१, ४३ र ४४ बमोजिम क्षतिपूर्ति निर्धारण गर्दा देहाय बमोजिम हुने गरी निर्धारण गर्ने।

| **क्षतिपूर्ति निर्धारण गर्ने आधार** |
|---|
| ▪ क्षतिपूर्ति निर्धारण गर्दा देहायका कुराहरु समेतलाई विचार गर्नु पर्नेः– <br> ▪ पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक र भावनात्मक क्षति, <br> ▪ पीडितको मृत्यु भइसकेको भए निजको हकवालालाई पर्न गएको क्षति, <br> ▪ कसूरदारको आर्थिक श्रोत र अवस्था, <br> ▪ पीडित तथा निजमा आश्रित व्यक्तिको अवस्था, <br> ▪ अदालतले उपयुक्त ठहर्याएका अन्य कुरा। <br> ▪ क्षतिपूर्ति भराउँदा नगद वा जिन्सी वा दुवै भराउन सकिने। |

- एकभन्दा बढी कसूरदारबाट क्षतिपूर्ति भराउँदा प्रत्येक कसूरदारले कसूरको मात्रा अनुसार क्षतिपूर्ति व्यहोर्ने गरी निर्धारण गर्नु पर्ने।
- पीडितको हकवालाले क्षतिपूर्ति लिने दिने सम्बन्धमा कुनै सहमति गरेमा र त्यस्तो सहमति मनासिब देखिएमा त्यस्तो सहमतिलाई मान्यता दिन सकिने।

- पीडित संरक्षण ऐनको दफा ३१ बमोजिम अदालतले पीडितलाई उपलब्ध गराइने क्षतिपूर्तिको रकम निर्धारण गर्दा देहायको कुनै वा सबै विषयलाई आधार लिन सक्ने-

- पीडितले व्यहोर्नु परेको वा पर्ने चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श बापत मनासिब खर्च,
- पीडितले व्यहोर्नु परेको वा पर्ने औषधोपचार खर्च,
- पीडितले व्यहोर्नु परेको अप्रत्यासित यातायात खर्च,
- पीडितले व्यहोर्नु परेको कानून व्यवसायीको खर्च,
- कसूरको प्रत्यक्ष परिणामको कारणबाट पीडितको व्यक्तिगत क्षमतामा पुगेको क्षति,
- पीडितले व्यहोर्नु परेको वा पर्ने आर्थिक क्षति,
- क्षति पुगेका व्यक्तिगत सामानको मर्मत सम्भार वा नयाँ खरिद गर्दा लागेको वा लाग्ने खर्च,
- कसूरको प्रत्यक्ष परिणाम स्वरुप पीडितको गुमेको वा क्षति पुगेको आय आर्जन क्षमता,
- पीडितको शारीरिक सौन्दर्यमा परेको प्रतिकूल असर,
- पीडितको शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमतामा भएको क्षति,
- जबरजस्ती करणीको कसूरको हकमा सो कसूरबाट पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव,
- जबरजस्ती करणीका कारण पीडित गर्भवती भएकोमा प्रचलित कानून बमोजिम गर्भपतन गर्न वा शिशु जन्माउन र शिशुलाई पालनपोषणको लागि लाग्ने खर्च,
- कसूरका कारण गर्भपतन भएकोमा औषधोपचार खर्च,
- विशेष अवस्था आकर्षित हुनेमा पीडितले निज विरुद्ध हुन सक्ने थप कसूरबाट बच्ने असल नियतले परेको मनासिब खर्च,
- पीडितले व्यहोर्नु परेको मानसिक वा भावनात्मक क्षति,
- क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त आधार,
- विशेष अवस्था आकर्षित हुने पीडितका हकमा थप कसूरबाट प्रथमस्तरको पीडितलाई बचाउने असल नियतले पीडितले गरेको मनासिब खर्च,
- नाबालिग सन्तानले गुमाएको अभिभावकको संरक्षकत्व।
- तर आर्थिक क्षति बापत पीडितले प्रचलित कानून बमोजिमको बिमाबाट क्षतिपूर्ति प्राप्त गरेकोमा वा प्राप्त गर्ने भएकोमा यस खण्ड बमोजिम क्षतिपूर्ति दिइने छैन ।

- कसूरबाट वालबालिका पीडित भएको भए क्षतिपूर्ति भराउँदा बालबालिका सम्बन्धी ऐनको दफा ७३ बमोजिम भराई दिनु पर्ने।
- मुद्दामा फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)**

- यस कसूरमा कसूरदारलाई निर्धारण भएको सजायको आधारमा फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद बापत रकम तिर्न सकिने अवस्था भएमा सो सम्बन्धी आदेश गर्ने।

- सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (३) का आधारमा सोही ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले सो सम्बन्धी आदेश गर्न नसकिने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा देहायका आधारमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने।

- नैतिक पतन देखिने अभियोगमा सजाय पाएको मानिने कानूनी व्यवस्था (जस्तैः बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६७ को उपदफा (२) तथा लिखतहरुको गोप्यता सम्बन्धी ऐन, २०३९ को दफा १२ को उपदफा (२))
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (जस्तैः ने.काप.२०३० को नि.नं. ७७४ मा डाका र खूनको अपराध सामाजिक नैतिकता विरुद्धको अपराध हुने/समाजको नैतिक मूल्य वा आदेशलाई कुनै निरपेक्ष र अपरिवर्तनीय विषयबस्तु जस्तो गरी कुनै एउटा समाजमा कायम रहेको नैतिक मूल्य वा आदर्शको आधारमा सधैं र सबै परिस्थितिका लागि नैतिक पतन देखिने फौज्दारी अपराधको किटुवा सूची तयार गरी स्पष्टीकरण वा परिभाषा दिन खोज्नु उचित नहुने/ हाम्रो कानूनी व्यवस्थाले त्यस्तो अपराध छुटाउने कार्य न्यायिक विवेकमा छोडेको छ र न्यायकर्ताले पनि विषय र सन्दर्भलाई विचार गरेर मात्र त्यससम्बन्धमा कुनै निष्कर्षमा पुग्नु पर्ने।
- ने.का.प. २०६७ निर्णय नं. ८५०७ मा महिलालाई इच्छाविपरीत अनतिक्रम्य शरीरको पवित्रताको अपहरण गरी जवरजस्ती करणी गर्नु कानूनविपरीत मात्र नभई गम्भीर अपराध पनि भएकाले सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिकता विहीन कार्य मान्दछ। यस्तो नैतिकता विपरीतको कार्यलाई नै नैतिक पतन देखिने फौजदारी अपराध मान्नुपर्ने।
- त्यसै गरी ने.काप.२०७३ को नि.नं. ९७०६ मा सामान्यतः समाजले गम्भीर एवं क्रूर मानेका सामाजिक सम्बन्ध, सौहार्दता एवं सद्भावलाई प्रतिकूल असर पार्ने र मनसायपूर्वक गरिएका हत्या, जबरजस्ती करणी, मानव बेचबिखन, लागु औषधको कारोबार, किर्ते जालसाजी, ठगी, भ्रष्टाचार, अपहरण, जबरजस्ती चन्दा असुली, डाँका चोरी, खोटा चलन, कर छली, अदालती कार्यमा हस्तक्षेप, नाबालक एवं आश्रित विरूद्धका कसुर, बहुविवाह जस्ता कसुरमा नैतिकताका प्रश्नहरू सन्निहित हुन्छन् र अपराध गर्दाको परिस्थिति, मनस्थिति, कसुरदारको व्यवहार र पीडित एवं समाजउपर परेको असर हेरी सोही मुद्दा वा अन्य मुद्दाको परिप्रेक्ष्यमा नैतिक पतन देखिने अपराध हो वा होइन भनी यकिन गर्न सकिने हुन्छ।)

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने।

| **फौजदारी कार्यविधि संहिताको दफा १३१** | **सजाय निर्धारण ऐनको दफा १७** |
|---|---|
| ▪ मुद्दाको संक्षिप्त विवरण तथा सोसँग सम्बन्धित आवश्यक कुरा,<br>▪ मुद्दामा कुनै कानून व्यवसायीले बहस गरेको भए त्यस्तो बहसको मुख्य मुख्य बुँदा, | ▪ सजाय गर्नु पर्ने कारण,<br>▪ जरिबानाको सजाय निर्धारण गर्दा कसूरदारले बुझाउनु पर्ने जरिबानाको रकम, जरिबाना बुझाउनु पर्ने मिति, किस्ताबन्दीमा बुझाउन पाउने भए त्यस्तो कुरा र जरिबाना नतिरे बापत हुन सक्ने कैद सजाय,<br>▪ कैद सजाय निर्धारण गर्दा कैदको अवधि, थुनामा रहेको मिति, कैद भुक्तान हुने मिति, |

| | |
|---|---|
| ▪ मुद्दाका पक्षहरुले पेश गरेको प्रमाण, ती प्रमाणको विश्वसनियता वा खण्डनीय, त्यसको आधार, प्रमाणको पर्याप्तता वा अपर्याप्तता,<br>▪ मुद्दामा कुनै पक्षले कुनै कानूनी प्रश्न उठाएको भए त्यस सम्बन्धी कुरा,<br>▪ कसूर ठहर हुने वा नहुने आधार तथा त्यसको कारण,<br>▪ पुनरावेदन लाग्ने वा नलाग्ने र पुनरावेदन गर्नु पर्ने अदालत,<br>▪ अन्य आवश्यक कुराहरु । | ▪ सामुदायिक सेवा गर्ने आदेश भएकोमा सेवाको किसिम, अवधि, समय र सेवा नगरे बापत हुन सक्ने सजाय,<br>▪ सुधार गृह वा पुनस्थापना केन्द्रमा कैद सजाय भुक्तान गर्ने गरी सजाय निर्धारण गर्दा त्यस्तो गृह वा केन्द्रमा बस्नु पर्ने अवधि, पालना गर्नु पर्ने शर्त र त्यस्तो शर्त उल्लङ्घन गरे बापत हुन सक्ने सजाय,<br>▪ कसूरदारलाई प्यारोलमा छोड्न सकिने वा नसकिने,<br>▪ कैद निलम्बन हुने भए कति अवधिसम्म निलम्बन हुने,<br>▪ क्षतिपूर्ति तिर्नु पर्ने भए क्षतिपूर्तिको रकम, तिर्नु पर्ने अवधि, तरिका र नतिरेमा हुन सक्ने सजाय,<br>▪ क्षतिपूर्ति बुझाउन ल्याएकोमा सोको सूचना दिने विषय,<br>▪ अदालतले उपयुक्त ठानेको अन्य आवश्यक कुरा । |

**भाग-२**

**कसूरः** आपराधिक समूह स्थापना गर्ने, सञ्चालन गर्ने वा गराउने वा जानी जानी आपराधिक समूहको सदस्य हुने वा कसैलाई सदस्य बनाउने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** सङ्गठित अपराध निवारण ऐन, २०७०।

| दफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ५<br>९ (ग) | आपराधिक समूह स्थापना गर्ने, सञ्चालन गर्ने वा गराउने वा जानी जानी आपराधिक समूहको सदस्य हुने वा कसैलाई सदस्य बनाउने सम्बन्धी कसूर | ५ वर्षसम्म कैद र रु. ५० हजारसम्म जरिबाना |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो हदको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | आपराधिक समूह स्थापना गर्ने, सञ्चालन गर्ने वा गराउने वा जानी जानी आपराधिक समूहको सदस्य हुने वा कसैलाई सदस्य बनाउने सम्बन्धी कसूर | २ वर्ष ६ महिना कैद | ५ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने। कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)**

- दफा २१ बमोजिम ऐन बमोजिम पहिलो पटक अपराध गरेको अभियुक्तले सङ्गठित अपराध स्वीकार गरी प्रमाण जुटाउन, अन्य अभियुक्त वा गिरोहलाई पक्राउ गर्न प्रहरी सरकारी वकिल वा

अदालतलाई सहयोग पुर्याएमा माग दावीमा ७५ प्रतिशतसम्म सजायमा छुट दिने गरी मागदावी लिई मुद्दा दायर गर्न सकिने।

- सजायको माग दावीमा छुट दिने गरी अभियोग दायर भएमा फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।
- तर मुख्य अभियुक्त नभएको वा सङ्गठित अपराधको कसूरमा सजाय पाएकोमा कैद भुक्तान भएको ३ वर्ष पूरा नभएको र १ पटक सजाय छुटको सुविधा पाइसकेको अभियुक्तलाई सजायमा छुट हुन नसक्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- सङ्गठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण वस्तु वा साधान  कसूरसँग सम्बन्धित जोसुकै व्यक्तिसँग रहेको भए पनि ऐनको दफा ५१ बमोजिम जफत हुने ।
- अपराध गरी प्राप्त गरेको सम्पत्ति कानूनी रुपमा प्राप्त सम्पत्तिमा मिसाइएको रहेछ भने मिश्रित सम्पत्तिबाट छुट्याउन सकिनेमा छुट्याएर र नसकिने भएमा त्यस्तो सम्पत्तिलाई रकममा रुपान्तरण गरी जफत गरिने।

**एघारौं चरणः** **(बिगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई बिगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)** यस कसूरका कसूरदारबाट पीडित वा निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराइ दिनु पर्ने र क्षतिपूर्ति शुल्क पनि निर्धारण गर्नु पर्ने। कसूरदारबाट क्षतिपूर्ति भराई दिने तथा क्षतिपूर्ति शुल्क पनि निर्धारण गर्ने आधार यसै सामान्य मार्गदर्शनको भाग -१ को बाह्रौं चरणमा दिइएको छ।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई निर्धारण भएको सजायको आधारमा फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद बापत रकम तिर्न सकिने अवस्थाको वा दफा २४ बमोजिम कैद सजाय निलम्बन गर्न सकिने वा दफा २५ बमोजिम सुधार गृहमा वा दफा २६ बमोजिम पुनर्स्थापना केन्द्रमा पठाउन सकिने वा दफा २७ बमोजिम सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गराउन पठाउन सकिने अवस्था विद्यमान भए सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (३) को अधीनमा रही सो सम्बन्धी आदेश गर्ने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग-३**

**कसूर:** विध्वशांत्मक कार्य सम्बन्धी कसूरको उद्योग गर्ने वा दुरुत्साहन दिने वा सो कसूर गर्न बाध्य गराउने वा सो गर्न वा गराउन एकभन्दा बढी व्यक्ति जम्मा गर्ने वा समूह खडा गर्ने वा खटन पटन गर्ने वा हातहतियार वा बम विष्फोटक वा विषालु पदार्थ उत्पादन वा वितरण गर्ने वा राख्ने वा ओसारपासर वा आयात निर्यात गर्ने वा लिनु दिनु गर्ने वा प्रचार प्रसार गर्ने वा गराउने सम्बन्धी कसूर।

**सम्बद्ध कानून:** सङ्गठित अपराध निवारण ऐन, २०७०

| दफा/खण्ड/उप खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ७<br>▪ ९ (ङ) (३) | विध्वशांत्मक कार्य सम्बन्धी कसूरको उद्योग गर्ने वा दुरुत्साहन दिने वा सो कसूर गर्न बाध्य गराउने वा सो गर्न वा गराउन एकभन्दा बढी व्यक्ति जम्मा गर्ने वा समूह खडा गर्ने वा खटन पटन गर्ने वा हातहतियार वा बम विष्फोटक वा विषालु पदार्थ उत्पादन वा वितरण गर्ने वा राख्ने वा ओसारपासर वा आयात निर्यात गर्ने वा लिनु दिनु गर्ने वा प्रचार प्रसार गर्ने वा गराउने सम्बन्धी कसूर। | ३ वर्षदेखि १० वर्षसम्म कैद। |

**पहिलो चरण:** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैदको माथिल्लो र तल्लो हदको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरण:** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | विध्वशांत्मक कार्य सम्बन्धी कसूरको उद्योग गर्ने वा दुरुत्साहन दिने वा सो कसूर गर्न बाध्य गराउने वा सो गर्न वा गराउन एकभन्दा बढी व्यक्ति जम्मा गर्ने वा समूह खडा गर्ने वा खटन पटन गर्ने वा हातहतियार वा बम विष्फोटक वा विषालु पदार्थ उत्पादन वा वितरण गर्ने वा राख्ने वा ओसारपासर वा आयात निर्यात गर्ने वा लिनु दिनु गर्ने वा प्रचार प्रसार गर्ने वा गराउने सम्बन्धी कसूर। | ६ वर्ष ६ महिना | ३ वर्षदेखि १० वर्षसम्म कैद |

**तेस्रो चरण:** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरण:** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरण:** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको

गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई जरिबानाको सजाय हुने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)**

- दफा २१ बमोजिम ऐन बमोजिम पहिलो पटक अपराध गरेको अभियुक्तले सङ्गठित अपराध स्वीकार गरी प्रमाण जुटाउन, अन्य अभियुक्त वा गिरोहलाई पक्राउ गर्न प्रहरी सरकारी बकिल वा अदालतलाई सहयोग पुर्याएमा माग दावीमा ७५ प्रतिशतसम्म सजायमा छुट दिने गरी मागदावी लिई मुद्दा दायर गर्न सकिने।
- सजायको माग दावीमा छुट दिने गरी अभियोग दायर भएमा फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।
- तर मुख्य अभियुक्त नभएको वा सङ्गठित अपराधको कसूरमा सजाय पाएकोमा कैद भुक्तान भएको ३ वर्ष पूरा नभएको र १ पटक सजाय छुटको सुविधा पाइसकेको अभियुक्तलाई सजायमा छुट हुन नसक्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- सङ्गठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण वस्तु वा साधान कसूरसँग सम्बन्धित जोसुकै व्यक्तिसँग रहेको भए पनि ऐनको दफा ५१ बमोजिम जफत हुने ।
- अपराध गरी प्राप्त गरेको सम्पत्ति कानूनी रुपमा प्राप्त सम्पत्तिमा मिसाइएको रहेछ भने मिश्रित सम्पत्तिबाट छुट्याउन सकिनेमा छुट्याएर र नसकिने भएमा त्यस्तो सम्पत्तिलाई रकममा रुपान्तरण गरी जफत गरिने।

**एघारौं चरणः** **(बिगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई बिगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)** यस कसूरका कसूरदारबाट पीडित वा निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराइ दिनु पर्ने र क्षतिपूर्ति शुल्क पनि निर्धारण गर्नु पर्ने। कसूरदारबाट क्षतिपूर्ति भराई दिने तथा क्षतिपूर्ति शुल्क पनि निर्धारण गर्ने आधार यसै सामान्य मार्गदर्शनको भाग -१ को बाह्रौं चरणमा दिइएको छ।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई निर्धारण भएको सजायको आधारमा फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद बापत रकम तिर्न सकिने अवस्थाको वा दफा २४ बमोजिम कैद सजाय निलम्वन गर्न सकिने वा दफा २५ बमोजिम सुधार गृहमा वा दफा २६ बमोजिम पुनर्स्थापना केन्द्रमा पठाउन सकिने वा दफा २७ बमोजिम सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गराउन पठाउन सकिने अवस्था विद्यमान भए सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (३) को अधीनमा रही सो सम्बन्धी आदेश गर्ने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा

नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग-४**

**कसूरः** राष्ट्रसेवकले कसूरको अनुसन्धान वा पूर्पक्षको सिलसिलामा अदालत वा आफूभन्दा माथिको अधिकारीको आदेशको पालना नगरेको सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** सङ्गठित अपराध निवारण ऐन, २०७०

| दफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ४६<br>▪ ९ (ख) | राष्ट्रसेवकले कसूरको अनुसन्धान वा पूर्पक्षको सिलसिलामा अदालत वा आफूभन्दा माथिको अधिकारीको आदेशको पालना नगरेको सम्बन्धी कसूर। | ▪ प्रचलित कानूनमा सजायको व्यवस्था भए सोको ५० प्रतिशत थप सजाय, र<br>▪ सजायको व्यवस्था नभएको भए ५ वर्षसम्म कैद वा रु. ५ लाखसम्म जरिबाना वा दुवै सजाय |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो हदको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | राष्ट्रसेवकले कसूरको अनुसन्धान वा पूर्पक्षको सिलसिलामा अदालत वा आफूभन्दा माथिको अधिकारीको आदेशको पालना नगरेको सम्बन्धी कसूर। | २ वर्ष ६ महिना कैद | ५ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने। कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)**

- दफा २१ बमोजिम ऐन बमोजिम पहिलो पटक अपराध गरेको अभियुक्तले सङ्गठित अपराध स्वीकार गरी प्रमाण जुटाउन, अन्य अभियुक्त वा गिरोहलाई पक्राउ गर्न प्रहरी सरकारी वकिल वा अदालतलाई सहयोग पुर्याएमा माग दावीमा ७५ प्रतिशतसम्म सजायमा छुट दिने गरी मागदावी लिई मुद्दा दायर गर्न सकिने।
- सजायको माग दावीमा छुट दिने गरी अभियोग दायर भएमा फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।
- तर मुख्य अभियुक्त नभएको वा सङ्गठित अपराधको कसूरमा सजाय पाएकोमा कैद भुक्तान भएको ३ वर्ष पूरा नभएको र १ पटक सजाय छुटको सुविधा पाइसकेको अभियुक्तलाई सजायमा छुट हुन नसक्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- सङ्गठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण वस्तु वा साधान कसूरसँग सम्बन्धित जोसुकै व्यक्तिसँग रहेको भए पनि ऐनको दफा ५१ बमोजिम जफत हुने ।
- अपराध गरी प्राप्त गरेको सम्पत्ति कानूनी रुपमा प्राप्त सम्पत्तिमा मिसाइएको रहेछ भने मिश्रित सम्पत्तिबाट छुट्याउन सकिनेमा छुट्याएर र नसकिने भएमा त्यस्तो सम्पत्तिलाई रकममा रुपान्तरण गरी जफत गरिने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)** यस कसूरका कसूरदारबाट पीडित वा निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराइ दिनु पर्ने र क्षतिपूर्ति शुल्क पनि निर्धारण गर्नु पर्ने। कसूरदारबाट क्षतिपूर्ति भराई दिने तथा क्षतिपूर्ति शुल्क पनि निर्धारण गर्ने आधार यसै सामान्य मार्गदर्शनको भाग -१ को बाह्रौं चरणमा दिइएको छ।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई निर्धारण भएको सजायको आधारमा फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद बापत रकम तिर्न सकिने अवस्थाको वा दफा २४ बमोजिम कैद सजाय निलम्वन गर्न सकिने वा दफा २५ बमोजिम सुधार गृहमा वा दफा २६ बमोजिम पुनर्स्थापना केन्द्रमा पठाउन सकिने वा दफा २७ बमोजिम सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गराउन पठाउन सकिने अवस्था विद्यमान भए सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (३) को अधीनमा रही सो सम्बन्धी आदेश गर्ने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

## भाग-५

**कसूरः** सुराकी, उजूरकर्ता वा साक्षीको विववरण वा अभिलेख सार्वजनिक गर्ने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** सङ्गठित अपराध निवारण ऐन, २०७०

| दफा/उपदफा | कसूर | सजाय |
|---|---|---|
| ▪ ३६ (३)<br>▪ ४४<br>▪ ५०<br>▪ ५३ | सुराकी, उजूरकर्ता वा साक्षीको विवरण वा अभिलेख सार्वजनिक गर्ने वा प्रकट गर्ने सम्बन्धी कसूर। | ५ वर्षसम्म कैद र रु. ५ लाखसम्म जरिबाना |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो हदको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | सुराकी, उजूरकर्ता वा साक्षीको विववरण वा अभिलेख सार्वजनिक गर्ने सम्बन्धी कसूर। | २ वर्ष ६ महिना कैद | ५ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने। कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)**

- दफा २१ बमोजिम ऐन बमोजिम पहिलो पटक अपराध गरेको अभियुक्तले सङ्गठित अपराध स्वीकार गरी प्रमाण जुटाउन, अन्य अभियुक्त वा गिरोहलाई पक्राउ गर्न प्रहरी सरकारी वकिल वा

अदालतलाई सहयोग पुर्याएमा माग दावीमा ७५ प्रतिशतसम्म सजायमा छुट दिने गरी मागदावी लिई मुद्दा दायर गर्न सकिने।

- सजायको माग दावीमा छुट दिने गरी अभियोग दायर भएमा फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।
- तर मुख्य अभियुक्त नभएको वा सङ्गठित अपराधको कसूरमा सजाय पाएकोमा कैद भुक्तान भएको ३ वर्ष पूरा नभएको र १ पटक सजाय छुटको सुविधा पाइसकेको अभियुक्तलाई सजायमा छुट हुन नसक्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- सङ्गठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण वस्तु वा साधान  कसूरसँग सम्बन्धित जोसुकै व्यक्तिसँग रहेको भए पनि ऐनको दफा ५१ बमोजिम जफत हुने ।
- अपराध गरी प्राप्त गरेको सम्पत्ति कानूनी रुपमा प्राप्त सम्पत्तिमा मिसाइएको रहेछ भने मिश्रित सम्पत्तिबाट छुट्याउन सकिनेमा छुट्याएर र नसकिने भएमा त्यस्तो सम्पत्तिलाई रकममा रुपान्तरण गरी जफत गरिने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)** यस कसूरका कसूरदारबाट पीडित वा निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराइ दिनु पर्ने र क्षतिपूर्ति शुल्क पनि निर्धारण गर्नु पर्ने। कसूरदारबाट क्षतिपूर्ति भराई दिने तथा क्षतिपूर्ति शुल्क पनि निर्धारण गर्ने आधार यसै सामान्य मार्गदर्शनको भाग -१ को बाह्रौं चरणमा दिइएको छ।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई निर्धारण भएको सजायको आधारमा फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद बापत रकम तिर्न सकिने अवस्थाको वा दफा २४ बमोजिम कैद सजाय निलम्वन गर्न सकिने वा दफा २५ बमोजिम सुधार गृहमा वा दफा २६ बमोजिम पुनर्स्थापना केन्द्रमा पठाउन सकिने वा दफा २७ बमोजिम सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गराउन पठाउन सकिने अवस्था विद्यमान भए सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (३) को अधीनमा रही सो सम्बन्धी आदेश गर्ने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग-६**

**कसूरः** सङ्गठित अपराध निवारण ऐनको ३ को उपदफा (४) मा उल्लिखित कसूर र दफा ४,५, ६,७, ३६,४४, ५० र ५३ मा उल्लिखित कसूरको आपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन तथा मतियार सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** सङ्गठित अपराध निवारण ऐन, २०७० तथा अपराध संहिता, परिच्छेद-३ (आपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन र मतियार)

**(क) आपराधिक षडयन्त्रको कसूरदारको हकमाः**

- सगठित अपराधको आपराधिक षडयन्त्र सम्बन्धी कसूरलाइ ऐनको दफा ४ ले अपराधीकरण गरेको भए तापनि सजायको व्यवस्था नभएकोले सो कसूरको सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने।
- ऐनको दफा ७ मा उल्लिखित कसूरको आपराधिक षडयन्त्र गर्ने कार्यलाई उक्त दफामा छुट्टै अपराधिकरण गरी जन्म कैदको छुट्टै सजायको व्यवस्था गरिएको हुँदा सो कसूरका सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३३ को व्यवस्था लागू नहुने।
- ऐनको दफा ७ बाहेकको परिच्छेद-३ मा उल्लिखित कसूरको आपराधिक षडयन्त्र गर्ने कार्यलाई उक्त ऐनमा छुट्टै अपराधिकरण गरी सजायको व्यवस्था नगरिएको हुँदा सो सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३३ को व्यवस्था लागू हुने।
- सङ्गठित अपराध निवारण ऐनको दफा ४,५, ६, ३६,४४,५० र ५३ मा अन्तर्गतको उल्लिखित कसूरको आपराधिक षडयन्त्र गर्ने कसूरदारलाई देहाय बमोजिम सजाय निर्धारण गर्नु पर्नेः-
  - आपराधिक षड्यन्त्र बमोजिम कसूर भएको भए सो कसूर गरे सरह सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न आपराधिक षड्यन्त्र गरेको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजाय सरह सजाय निर्धारण गर्ने।
  - आपराधिक षड्यन्त्र बमोजिम कसूर नभएको भए सो कसूरमा हुने सजायको आधा सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न आपराधिक षड्यन्त्र गरेको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्ने।

**(ख) उद्योग गर्ने कसूरदारको हकमाः**

- सगठित अपराधको उद्योग गर्ने कसूरलाई ऐनको दफा ४ ले अपराधीकरण गरेको भए तापनि सजायको व्यवस्था नभएकोले सो कसूरको सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने।
- ऐनको दफा ७ मा उल्लिखित कसूरको उद्योग गर्ने कार्यलाई उक्त दफामा छुट्टै अपराधिकरण गरी ३ वर्ष देखि १० वर्षसम्म कैद हुने छुट्टै सजायको व्यवस्था गरिएको हुँदा सो कसूरका सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३४ को व्यवस्था लागू नहुने हुँदा यसै सामान्य मार्गदर्शनको भाग-३ बमोजिम सजाय निर्धारण गर्नु पर्ने।
- ऐनको दफा ७ बाहेकको परिच्छेद-३ मा उल्लिखित कसूरको उद्योग गर्ने कार्यलाई उक्त ऐनमा छुट्टै अपराधिकरण गरी सजायको व्यवस्था नगरिएको हुँदा सो सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३४ को व्यवस्था लागू हुने।
  - उल्लिखित कसूर गर्ने कसूरदारलाई सो कसूरको लागि तोकिएको सजायको आधा सजाय हुने भएकोले यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्ने।

**(ग) दुरुत्साहन दिने कसूरदारको हकमाः**

- सगठित अपराधको दुरुत्साहन दिने कसूरलाई ऐनको दफा ४ ले अपराधीकरण गरेको भए तापनि सजायको व्यवस्था नभएकोले सो कसूरको सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने।
- ऐनको दफा ७ मा उल्लिखित कसूरको दुरुत्साहन दिने कार्यलाई उक्त दफामा छुट्टै अपराधिकरण गरी ३ वर्ष देखि १० वर्षसम्म कैद हुने छुट्टै सजायको व्यवस्था गरिएको हुँदा सो कसूरका सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३५ को व्यवस्था लागू नहुने हुँदा यसै सामान्य मार्गदर्शनको भाग-३ बमोजिम सजाय निर्धारण गर्नु पर्ने।
- ऐनको दफा ७ बाहेकको परिच्छेद-३ मा उल्लिखित कसूरको दुरुत्साहन दिने कार्यलाई उक्त ऐनमा छुट्टै अपराधिकरण गरी सजायको व्यवस्था नगरिएको हुँदा सो सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३५ को व्यवस्था लागू हुने।
- उल्लिखित कसूर गर्न दुरुत्साहन दिने कसूरदारलाई देहाय बमोजिम सजाय निर्धारण गर्नु पर्नेः-
    - दुरुत्साहन दिए बमोजिम कसूर भएको भए निज स्वयमले कसूर गरे सरह सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न दुरुत्साहन दिएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजाय सरह सजाय निर्धारण गर्ने।
    - दुरुत्साहन दिए बमोजिम कसूर भईनसकेकोमा सो कसूरका लागि तोकिएको सजायको आधा सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न दुरुत्साहन दिएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्ने।

**(घ) मतियार हुने कसूरदारको हकमाः**

- सगठित अपराधको मतियार हुने कसूरलाई ऐनको दफा ४ ले अपराधीकरण गरेको भए तापनि सजायको व्यवस्था नभएकोले सो कसूरको सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने।
- ऐनको दफा ७ मा उल्लिखित कसूरको दुरुत्साहन दिने कार्यलाई उक्त दफामा छुट्टै अपराधिकरण कसूर गर्ने कसूरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था गरिएको हुँदा सो कसूरका सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३६ को व्यवस्था लागू नहुने हुँदा यसै सामान्य मार्गदर्शन बमोजिम कसूरदारलाई निर्धारण त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्ने।
- ऐनको दफा ७ बाहेकको परिच्छेद-३ मा उल्लिखित कसूरमा मतियार हुने कार्यलाई उक्त ऐनमा छुट्टै अपराधिकरण गरी सजायको व्यवस्था नगरिएको हुँदा सो सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३६ को व्यवस्था लागू हुने।
- उल्लिखित कसूरमा मतियार हुने कसूरदारलाई देहाय बमोजिम सजाय निर्धारण गर्नु पर्नेः-
    - आपराधिक षडयन्त्रमा संलग्न भई कसूर गर्ने, साधन वा ठाँउ उपलव्ध गराइ दिने, जसको बिरुद्ध कसूर गरिएको हो त्यस्तो व्यक्तिलाई निजी रक्षाको अधिकारबाट बञ्चित गराउने वा कसूर गर्न आदेश वा सल्लाह दिने मतियारलाई त्यस्तो कसूर निजले गरे सरह सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न त्यस्तो मतियार भएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजाय सरह सजाय निर्धारण गर्ने
    - लेखिए बाहेक अन्य मतियारलाई कसूर भए गरेको काममा निजको सम्लग्नताको मात्रा अनुसार त्यस्तो कसूर गरे बापत हुने सजायको बढीमा आधासम्म सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न त्यस्तो मतियार भएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने

कसूरदारलाई निर्धारण गरिने सजायको आधासम्म हुने गरी निजको सम्लग्नताको मात्रा अनुसार उपयुक्त सजाय निर्धारण गर्नु पर्ने।

**नोट**

- आधा वा आधासम्म सजाय निर्धारण गर्दा कैद र जरीवाना दुवै प्रकारको सजायमा लागू हुने गरी गर्नु पर्ने।

**सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन तयारी समिति**

| | |
|---|---|
| डा. आनन्दमोहन भट्टराई, न्यायाधीश, सर्वोच्च अदालत | संयोजक |
| अनिलकुमार सिन्हा, न्यायाधीश, सर्वोच्च अदालत | सदस्य |
| टेकप्रसाद ढुङ्गाना, न्यायाधीश, उच्च अदालत पाटन, हेटौंडा इजलास | सदस्य |
| दुर्गाप्रसाद ढुङ्गेल, न्यायाधीश, मोरङ्ग जिल्ला अदालत | सदस्य |
| डा. श्रीप्रकाश उप्रेती, न्यायाधीश, भक्तपुर जिल्ला अदालत | सदस्य |
| सञ्जीवराज रेग्मी, सह-न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| लालबहादुर कुँवर, रजिस्ट्रार, सर्वोच्च अदालत | सदस्य सचिव |